# 'भूकम्प मापन स्टेशन' निर्माण हुँदै

काठमाडौं । भूकम्पको जोखिममा रहेका नेपालका बीस स्थानमा 'भूकम्प मापन स्टेशन' निर्माण हुने भएको छ। सरकारले भूकम्पको जोखिमलाई दृष्टिगत गरी विभिन्न देशको सहयोगमा बीस स्थानमा 'भूकम्प मापन स्टेशन' निर्माण गर्न लागेको हो । जसमध्ये चीन सरकारको सहयोगमा १०, जापान सरकारको सहयोगमा आठ र राइम्सको सहयोगमा दुई स्थानमा 'भूकम्प मापन स्टेशन' निर्माण हुन लागेको हो। चीन सरकारको सहयोगमा संखुवासभा, सोलुखुम्बु, रसुवा, लमजुङ, मुस्ताङ, डोल्पा, मुगु, बाजुरा, दार्चुलालगायत जिल्लामा 'भूकम्प मापन स्टेशन' निर्माण हुन लागेको छ। त्यस्तै, जापान सरकारको सहयोगमा सिन्धुली, बारा, चितवन, नवलपरासी, स्याङ्जा, म्याग्दी, कपिलवस्तु, रोल्पा तथा रायम्सको सहयोगमा महोत्तरी र दाङमा स्टेशन निर्माण हुन लागेको छ। २०३७ सालमा फूलचोकी डाँडामा पहिलो भूकम्प मापन स्टेशन स्थापना भएका थिए।

राष्ट्रिय भूकम्प मापन केन्द्रका प्रमुख लोकविजय अधिकारीले स्टेशन निर्माण भएपछि नेपालभरका भूकम्पको डाटा मापन गर्न सहज हुने बताए।

'धेरै स्टेशन निर्माण भएसँगै सानाभन्दा साना भूकम्पको समेत मापन गर्न सहज हुन्छ।'-उनले भने।


# रामग्राम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी

## शिलबन्दी दरभाउपत्र आवहानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०७५।११।२० गते)

रामग्राम नगरपालिकाको आ.व. २०७५।०७६ को वार्षिक बजेट अनुसार तल उल्लेखित स्थानमा तोकिए वमोजिमको निर्माण कार्य
गराउनु पर्ने भएकाले नेपाल सरकार वाट सम्वन्धित कामका लागि इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुवाट निम्न सर्तहरूको
अधिनमा रहि रितपूर्वक शिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ।

१. दरभाउपत्र फाराम खरीद गर्न इच्छुक निर्माण व्यवसायीहरुले सम्वन्धित फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत
गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०७५।०७६ को लागि नविकरण भएको फर्म वा कम्पनीको प्रमाण पत्र, व्यवसाय इजाजत
पत्र, स्थायी लेखा दर्ता नं. एवं आयकर तथा मु.अ. कर दर्ता प्रमाणपत्र (भ्याट), न.पा. भित्रका निर्माण व्यवसायिकको हकमा न.पा.
वाट प्राप्त व्यवसाय नविकरण प्रमाण पत्र तथा न.पा. वाहिरका व्यवसायिहरूको हकमा वार्षिक पटके निर्माण व्यवसाय कर यस
न.पा.मा बुझाएको रसिद, आ.व. २०७४।०७५ सम्मको कर चुक्ता गरेको प्रमाण पत्र, सम्वन्धितको नागरिकताको प्रमाण पत्र र फर्म
सम्वन्धि अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपि (जो दरभाउपत्र खरिद प्रयोजनको लागि मात्र मान्य हुनेछ) को
साथै तल उल्लेखित नगद रकम (पछि फिर्ता नहुने गरी) यस कार्यालयको राजस्व शाखामा बुझाई यो सुचना प्रथम पटक प्रकाशित
मितिले बोलपत्रका लागी १५ दिन सम्म कार्यालय समय भित्र प्राविधिक शाखावाट दरभाउपत्र फाराम खरीद गर्न सकिने छ।

२. खरीद गरिएको दरभाउपत्रको हकमा यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको दिउंसो १२:०० वजे भित्र यस
नगरपालिका कार्यालयको नाममा सम्वोधन गरी ठेक्का नं., बोलपत्रवालाको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको
छाप लगाई सिलबन्दी लाहाछाप गरि यस कार्यालयको योजना शाखामा दर्ता गराउन सकिने छ।

३. दरभाउपत्र सम्वन्धि कागजात दाखिला गर्दा दरभाउपत्र पुस्तिकामा उल्लेख भए वमोजिमका कुराहरू खुलेको प्रमाण दरभाउपत्र साथ
अनिवार्य रूपमा पेश गर्नु पर्ने छ।

४. दरभाउपत्र पुस्तिका तथा सुचनामा उल्लेखित मुल्यांकनका आधारहरू पुरा नगर्ने दरभाउपत्र दाताहरूको दरभाउपत्र स्वीकृत गरिने
छैन।

५. दरभाउपत्र दाताले प्राविधिक योग्यताको कागजातहरू पेश गर्दा दरभाउपत्रको सुचना तथा दरभाउपत्र पुस्तिकामा उल्लेख भएका
कागजातहरू मात्र क्रमबद्ध रूपमा राखी पेश गर्नु पर्ने छ।

६. दर्ता भएको दरभाउपत्र सोही दिनको १४:०० वजे दरभाउपत्र दर्ता गर्ने फर्महरूको सम्वन्धित व्यक्ति वा निजको अधिकार प्राप्त
प्रतिनिधिहरूको रोहवरमा खोलिने छ। दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
दरभाउपत्र दर्ता तथा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिनको सोही अनुसारको समयमा दर्ता गर्ने र खोल्ने
काम हुने छ। फर्मको प्रतिनिधिको रूपमा कुनै व्यक्ति पठाउनु पर्ने भएमा रीतपुर्वकको मन्जुरीनामा सहित पठाउनु पर्ने छ।

७. दरभाउपत्र फारम भर्दा अंक अक्षर दुवैमा स्पष्ट लेख्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको दर मान्य हुनेछ।
केरमेट भएमा सो ठाउंमा सही छाप हुनु पर्नेछ।

८. शिलवन्दी दरभाउपत्र साथ जमानत वापतको रकम राष्ट्रिय बाणिज्य बैक परासी शाखाको खाता नं. २३०३ ग ३ नगद जम्मा गरेको
सक्कल बैक भौचर वा नेपाल राष्ट्र बैक वाट मान्यता प्राप्त बैकवाट यस कार्यालयको नाममा जारी भएको घटीमा दरभाउपत्र
पेश गर्ने अन्तिम मिति बाट ९० दिन सम्म म्याद भएको जमानीपत्र (Bidbond) समावेश भएको हुनु पर्ने छ। अन्यथा दरभाउपत्र
अयोग्य मानिने छ।

९. दरभाउपत्र दर्ता गर्ने फर्महरूले दरभाउपत्र पुस्तिका राम्रो संग अध्ययन गरि सम्पन्न गर्नु पर्ने कामको विवरण ,लोकेशन, भौगोलिक अवस्था आदि सबै पक्षमा राम्ररी बुझी दरभाउपत्र भरेको मानिने छ । दरभाउपत्र जुन फर्मको नाम बाट खरीद भएको हो सोही फर्मको नामबाट दर्ता गराउनुपर्ने र यस कार्यालयबाट बिक्री भएको दरभाउपत्र फाराममा भरी प्रत्येक पृष्ठमा सही छाप गरी पेश गर्नु पर्नेछ । शिलबन्दी दरभाउपत्र दाताको ग्राहयता (Eligibility) प्रमाणित गर्ने कागजातहरू शिलबन्दी दरभाउपत्र साथ (शिलबन्दी खामभित्रै) संलग्न हुन पर्ने छ ।

१०. दर्ता भएको बोलपत्रको मान्य अवधि दरभाउपत्र दर्ता गर्ने अन्तिम मितिबाट ७५ दिनको हुनेछ ।

११. कुनै पनि कारण जनाइ वा नजनाइ दरभाउपत्र स्वीकृत गर्ने ,नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१२. कामको गुणस्तरलाई कडाइका साथ नियन्त्रण गरिनेछ । तोकिएको गुणस्तर कायम गर्नको लागि प्रयोगशाला परीक्षण समेत गरिने छ र सो सम्बन्धि लाग्ने खर्च निर्माण व्यवसायी स्वयंले व्यहोर्नु पर्ने छ । योग्यताको लागि नक्कली कागजात पेश गरिएको पाईएमा निज बोलपत्रदाताको दरभाउपत्र रद्द गरी कालोसुचीमा समावेश गरिनेछ ।

१३. दरभाउपत्र फाराम र यस सुचनामा लेखिएका कुराहरूको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

१४. रित नपुगी वा म्याद नाघि आएको दरभाउपत्र उपर कुनै किसिमको कारवाही हुनेछैन । दरभाउपत्र सम्बन्धि अन्य कुरा बुझ्नु पर्ने भएमा कार्यालय समय भित्र यस कार्यालयको योजना शाखामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

१५. दरभाउपत्र स्वीकृत नभएका दरभाउपत्रदाताहरूको अर्नेष्टमनीको रकम ठेक्का सम्झौता भए पछि मात्र फिर्ता वा फुकुवा दिइनेछ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | निमार्ण स्थल | कुल ल.ई. रकम कन्टिनजेन्सी र भ्याट बाहेक | जमानत वापतको रकम | बोलपत्र/दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ०९/०७५/०७६ | अधूरो कालोपत्रे सडक निर्माण गर्ने कार्य | रामग्राम १७ लक्ष्मण बनियाको घर देखी हरिनन्दको मिल सम्मको बाटो | रू.१५,४४,६९२।७३ | रू. ४३,६५०।०० | रू.१०००।०० |
| २ | १०/०७५/०७६ | सडक बिस्तार तथा नाला निर्माण गर्ने कार्य | रामग्राम ५ शंकर रौनियारको घर देखी बिमल यादवको घर सम्म | रू.८,६२,०१४।१० | रू. २४,४००।०० | रू.१०००।०० |
| ३ | ११/०७५/०७६ | कलभर्ट निमार्ण गर्ने कार्य | रामग्राम १२ कसिया | रू.१०,३४,४६०।६६ | रू. २९,३००।०० | रू.१०००।०० |
| ४ | १२/०७५/०७६ | अधूरो स्वास्थ्य भवन निर्माण गर्ने कार्य | रामग्राम ८ चम्कीपूर | रू.१७,२४,१३५।११ | रू. ४८,७५०।०० | रू.१०००।०० |
| ५ | १३/०७५/०७६ | नाला निर्माण तथा कालोपत्रे गर्ने कार्य | रामग्राम १५ ननई | रू.११,१५,७६८।७६ | रू. ३१,६००।०० | रू.१०००।०० |

नि.प्रमूख प्रशासकिय अधिकृत


## ट्वाइलेट सफा गराउनुहोस्

**सबैभन्दा बढी क्षमता भएको**

• बिजुली नचाहिने
• यो सुविधा बुटवल भैरहवा साथै लुम्बिनी अञ्चल भरि दिइनेछ ।

**एस.पी. सेनेटरी सेवा**

बुटवल-९ शिवनगर,

मो. ९८५७०२६८९५, ९८५७०२६८९२, ९८०६९९८३२२

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर भैरहवा, बुटवल तथा लुम्बिनी अञ्चलमा आधुनिक जापानीज मेशिनद्वारा सेफ्टी टंकी, ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिने छ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफा टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:

**न्यू शिव सेनेटरी**

पडसरी ५ ठुटिपिपल , रुपन्देही

मो. ९८५७०१५२६३,९८११९